नेपाल कानून व्यवसायी परिषद्
अनुशासन समितिका
अध्यक्ष डा.श्री नारायणदत्त कडेल
सदस्य श्री उपेन्द्र केशरी न्यौपाने
सदस्य श्री चण्डेश्वर श्रेष्ठ
बाट भएको
निर्णय

रविन्द्र रेग्मी ........................................................................................ १ निवेदक

विरुद्ध

जिल्ला नवलपरासी, नारायणी -९ स्थायी घर भई हाल नवलपुर जिल्ला अदालत बार एकाईका सदस्य अधिवक्ता अर्जुन प्रसाद काफ्ले (प्र.प.नं. ११४८१) ............................................१ विपक्षी

मुद्दाः कानून व्यवसायीको आचारसंहिता विपरितको कार्य गरेको जनगुनासो ।

नवलपुर जिल्ला अदालत, कावासोतिमा वैतनिक वकिलको रुपमा कामकाज गर्ने अर्जुन काफ्ले आफ्नो निजी ल फर्ममा प्रतिउत्तर पत्र तयार गर्ने क्रममा दैनिक आउने सेवाग्राहीलाई आफू खुशी मनोमानी रकम असुल गर्ने गरेको, विल माग गर्दा वकिलहरुको कर विल हुँदैन, दिन मिल्दैन भनी मनपरी गाली गलौज गरी धम्की दिने गरेको, बहस गरेको प्रति बहस रु १०,०००।- का दरले रकम माग गरी सोझा जनतालाई रकम नदिएमा तपाईको मुद्दा हराई दिनेछु भनी गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरेकोले निजको करबाहेकको सम्पत्ति छानबिन गरी हदैसम्मको कारबाही गर्नुहुन हार्दिक अनुरोध गर्दछु तपाईहरुको साहसिक काम र हाम्रो सहयोगबाट देशमा सरकार रहेको र लुट राज अब अन्त्य भएको अनुभुती गरीदिनु होला भन्ने समेत व्यहोराको उजुरी हेलो सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल कानून व्यवसायी परिषद्मा कारवाही गरी पाँउ भन्ने रविन्द्र रेग्मीको उजुरी ।

म लिखित जवाफ प्रस्तुतकर्ता श्री नवलपुर जिल्ला अदालत, कावासोतीमा वैतनिक कानून व्यवसायीको रुपमा कार्यरत रहँदा प्रतिउत्तर दर्ता गर्ने क्रममा दैनिक आउने सेवाग्राहीलाई आफुखुस मनोमानी रकम असुल गरेको, विल भर्पाई माग्दा वकिलहरुको कर विल हुँदैन, दिन मिल्दैन भनी गाली गलौज गरी धम्काएको, बहसका क्रममा मागे बमोजिम रकम नदिएमा मुद्दा हराईदिन्छु भनी अकुत सम्पत्ति आर्जन गरेको भन्ने व्यहोराको उजुरी मेरा विरुद्ध परेकाले कानून व्यवसायीको आचरण सम्बन्धी नियमावली , २०७९ को विपरीतको कार्य गरेको भन्ने सम्पूर्ण कुराहरु झुठा र निराधार रहेको तथा मैले कुनै पनि सेवाग्रहीसँग वैतनिक वकिलको रुपमा होस या अन्य हैसियतमा सेवा दिने क्रममा समेत उक्त कार्य नगरेको हुँदा उक्त मेरा विरुद्धको उजुरी केवल मलाई दुख हैरानी पुऱ्याउने उदेश्य र षडयन्त्र मात्र हो । विना प्रमाण र विना आधार मेरो विरुद्धमा परेको उक्त उजुरी खारेज गरी स्वतन्त्र रुपमा आफ्नो पेशा व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गरिदिनुहुन अनुरोध गर्दछु साथै आचरण विपरीतको कुनै कार्य गरेको छैन भनी विपक्षी अधिवक्ता अर्जुन प्रसाद काफ्लेको लिखित प्रतिक्रिया ।

**ठहर**

यसमा विपक्षी अधिवक्ता अर्जुन प्रसाद काफ्लेले नवलपुर जिल्ला अदालत, कावासोतिमा वैतनिक वकिलको रुपमा कामकाज गर्ने क्रममा आफ्नो निजी ल फर्ममा प्रतिउत्तर पत्र तयार गर्ने दैनिक आउने सेवाग्राहीलाई आफू खुशी मनोमानी रकम असुल गर्ने, विल माग गर्दा वकिलहरुको कर विल हुँदैन, दिन मिल्दैन भनी मनपरी गाली गलौज गरी धम्की दिने, बहस गरेको प्रति बहस रु १०,०००।- का दरले रकम माग गरी सोझा जनतालाई रकम नदिएमा तपाईको मुद्दा हराई दिनेछु भनी गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गर्ने गरेकोले कारबाही गरी पाँउ भन्ने समेत व्यहोराको रविन्द्र रेग्मीको उजुरी निवेदन रहेको देखियो । प्रस्तुत उजुरीका सम्पूर्ण व्यहोराहरु झुठा र निराधार रहेको तथा आफुले श्री नवलपुर जिल्ला अदालत, कावासोतीमा वैतनिक कानून व्यवसायीको रुपमा कार्यरत रहँदा उजुरीमा उल्लेखित कुनै पनि कार्यहरु नगरेको हुँदा केवल मलाई दुख हैरानी पुऱ्याउने उदेश्य र षडयन्त्र सहित मात्र हो विना आधार मेरो विरुद्धमा परेको उक्त उजुरी खारेज गरी स्वतन्त्र रुपमा आफ्नो पेशा व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गरिदिनुहुन भन्ने समेत व्यहोराको विपक्षी अधिवक्ता अर्जुन प्रसाद काफ्लेको लिखित प्रतिक्रिया रहेको देखियो ।

विपक्षी अधिवक्ता अर्जुन प्रसाद काफ्लेले आफ्ना सेवाग्राहीलाई वील दिने गरे नगरेको के छ भनी बुझ्दा निजबाट सेवाग्राहीसँग लिएको सेवाशुल्कको बिल भरपाई दिने गरेको भन्ने जवाफको साथमा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र समेत पेश हुन आएको देखियो । ल फर्ममा आउने सेवाग्राहीबाट आफुखुशी मनोमानी रकम लिने र वील माग्दा वील दिन मिल्दैन भनेर मनपरी गाली गलोज गरेको भनी उजुरी परेको भएता पनि त्यसलाई प्रमाणित गर्ने कुनै वस्तुनिष्ठ ठोस प्रमाण उजुरवालाले पेश गर्न सकेको देखिएन, विपक्षी अधिवक्ताले प्रतिक्रिया मार्फत कसूरमा पूर्ण ईन्कार रहेको अवस्थामा केवल उजुरी निवेदनकै आधारमा विपक्षी अधिवक्ताले उजुरी बमोजिमको आचरण विपरितको कार्य गरेको भनि निष्कर्षमा पुग्न मिलेन ।

अतः वस्तुनिष्ठ सबुद प्रमाणको अभावमा विपक्षी अधिवक्ता अर्जुन प्रसाद काफ्लेलाई कारबाही गरी पाँउ भन्ने उजुरवाला रविन्द्र रेग्मीको उजुरी माग दावी पुग्न नसक्ने हुँदा उजुरी निवेदन खारेज हुने ठहर्छ, अरुमा तपसिल बमोजिम गर्नु ।

तपसिल

माथी ठहर खण्डमा उल्लेख गरिए बमोजिम निज अधिवक्ता अर्जुन प्रसाद काफ्ले उपरको मागदावी पुग्न नसक्ने ठहर भएको हुँदा उजुरकर्ता प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय मार्फत रविन्द्र रेग्मीलाई निर्णयको जानकारी दिनु ...........................................................................................................१

प्रस्तुत उजुरीको दर्ताको दायरी लगतकट्टा गरी नियमानुसार गर्नु...............................................१

(चण्डेश्वर श्रेष्ठ) (उपेन्द्र केशरी न्यौपाने) (डा.श्री नारायणदत्त कडेल)

सदस्य सदस्य अध्यक्ष

ईति सम्वत् २०८३ साल श्रावण महिनाको ५ गते रोज ३ शुभम् ....................................

(नेपाल सम्वत् ११४६ दिल्लाथ्व)